# मेरो बच्चाको श्रवणशक्ति परीक्षणका बारेमा मलाई के थाहा हुनुपर्छ?



श्रवणशक्ति परीक्षण सुरक्षित छ र तपाईंको बच्चालाई असर गर्दैन। धेरैजसो बच्चाहरू श्रवणशक्ति परीक्षणको समयमा सुत्नुहुन्छ।

श्रवणशक्ति परीक्षणलाई लगभग 10 मिनेट लाग्ने छ।

श्रवणशक्ति परीक्षण भनेको तपाईंको बच्चाले मधुरो आवाज सुन्नुहुन्छ कि सुन्नुहुन्न भनेर हेर्नका लागि गरिएको द्रुत जाँच हो। उहाँहरूलाई भाषा सिक्नका लागि सुन्नु आवश्यक छ।

तपाईंले अस्पताल छोड्नुअघि आफ्नो बच्चाको नतिजा पाउनु हुने छ।

**सबै परिवारले यी 1-3-6 मार्गनिर्देशनहरू पालना गर्न सिफारिस गरिन्छ:**

1 **सबै शिशुले 1 महिनाको उमेर हुनुभन्दा पहिले नै श्रवणशक्ति परीक्षण गराउनुपर्छ।**

3 **आफ्नो प्रारम्भिक नवजात शिशुको श्रवण परीक्षण पास नगरेका सबै शिशुले 3 महिनाको उमेर हुनुभन्दा पहिले नै अडियोलोजिस्टद्वारा निदान मूल्याङ्कन गराउनुपर्छ।**

6 **श्रवणशक्ति गुम्ने निदान भएका शिशुहरूले सकेसम्म चाँडो तर 6 महिनाको उमेर नपुग्दै प्रारम्भिक हस्तक्षेप सेवाहरू प्राप्त गर्न सुरु गर्नुपर्छ।**

यी मार्गनिर्देशनहरू अमेरिकन एकेडेमी अफ पेडियाट्रिक्सको (American Academy of Pediatrics) शिशुको श्रवणशक्तिसम्बन्धी संयुक्त समितिले (Joint Committee on Infant Hearing) सिफारिस गरेको छ र शिशुहरूका लागि प्रारम्भिक श्रवणशक्ति पत्ता लगाउने र हस्तक्षेप (Early Hearing Detection & Intervention, EHDI) कार्यक्रमलाई निर्देशित गर्छ।

तपाईंसँग तपाईंको बच्चाका लागि श्रवणशक्तिसम्बन्धी परीक्षणका बारेमा प्रश्नहरू छन् भने, कृपया आफ्नो स्वास्थ्य स्याहार प्रदायकलाई सम्पर्क गर्नुहोस्।

थप जानकारीका लागि: **health.ny.gov/EHDI**

NEW YORK STATE | Department of Health

21568 (Nepali) 11/24